## गुठी संस्थान प्रधान कार्यालय

## खुला/समावेसी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०७/८)

लोक सेवा आयोगवाट प्राप्त सहमति समेतको आधारमा गुठी संस्थान अन्तर्गत रिक्त रहेका देहायका पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मिति २०७६/७/८ गतेदेखि रीतपूर्वक Online दरखास्त फाराम भर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र र दोब्बर शुल्क तिरी थप ७ (सात) दिन भित्र Online दरखास्त फारम पेश गर्नु पर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही उम्मेदवार स्वयं हुनेछ ।

| विज्ञापन नं. | पद | सेवा/समूह | तह/श्रेणी | खुला | समावेशी | | | | न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | |
| ०१।०७६।०७७ | उप-प्रशासक | प्रशासन/लेखा | अधिकृत द्वितीय | १ | - | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थावाट व्यापार शास्त्रमा वा वाणिज्य शास्त्रमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा गणित विषय लिई स्नातकोत्तर वा सो सरह उत्तीर्ण भएको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तिमा पाँच वर्ष कार्य गरेको अनुभव हासिल गरेको । |
| ०२।०७६।०७७ | सहायक प्रशासक | प्रशासन/प्रशासन | अधिकृत तृतीय | १ | - | १ | - | - | मान्यता प्राप्त शिक्षण संस्थावाट जुनसुकै बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ०३।०७६।०७७ | सहायक प्रशासक | प्रशासन/लेखा | अधिकृत तृतीय | १ | १ | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थावाट व्यापार शास्त्र वा वाणिज्य शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण वा गणित विषय लिई स्नातक वा सो सरह उत्तीर्ण । |
| ०४।०७६।०७७ | सहायक प्रशासक (सिभिल इन्जिनियर) | प्राविधिक/प्राविधिक | अधिकृत तृतीय | १ | - | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ०५।०७६।०७७ | वरिष्ठ सहायक | प्रशासन/प्रशासन | सहायक प्रथम | ७ | १ | २ | १ | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट जुनसुकै बिषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ०६।०७६।०७७ | वरिष्ठ लेखा सहायक | प्रशासन/लेखा | सहायक प्रथम | ३ | - | - | १ | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट व्यापार शास्त्र वा वाणिज्य शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा गणित विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ०७।०७६।०७७ | बरिष्ठ सहायक | प्रशासन/कानून | सहायक प्रथम | १ | - | १ | - | - | मान्यता प्राप्त शिक्षण संस्थावाट कानूनमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ०८।०७६।०७७ | सहायक इन्जिनियर (सिभिल) | प्राविधिक/प्राविधिक | सहायक प्रथम | - | १ | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्गमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ०९।०७६।०७७ | सहायक इन्जिनियर (आर्किटेक्चर) | प्राविधिक/प्राविधिक | सहायक प्रथम | १ | - | - | - | - | मान्यता प्राप्त शिक्षण संस्थावाट इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| १०।०७६।०७७ | कार्यालय सहायक | प्रशासन/प्रशासन | सहायक द्वितीय | ७ | २ | २ | २ | १ | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण । |

१. दरखास्त फाराममा तोकिएका सम्पूर्ण विवरणहरु **Online** भरी आफूले प्राप्त गरेका नेपाली नागरिकताको प्रमाणपत्र र तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभवको प्रमाणपत्र, समावेशी समूहका लागि तोकिएको प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइजको फोटो समेत Scan गरी Online फाराममा तोकिएको स्थानमा संलग्न गरिएको हुनु पर्नेछ ।

२. दरखास्त फाराम Submit गरे पछि "Form has been submitted", परीक्षा दस्तुर भुक्तानी भए पछि "Payment Succeessfully Received", भरिएको फाराम स्वीकृत भएपछि "...has been approved" र भरिएको फाराम अस्विकृत भएमा "... has been rejcted" भन्ने जानकारी SMS मार्फत फाराम भर्दा दिएको मोबाइल र ईमेलमा प्राप्त हुनेछ । सो अनुरुपको SMS प्राप्त भए नभएको सम्बन्धित दरखास्तवालाले एकिन गर्नु पर्नेछ । उम्मेदवारलाई परीक्षाको प्रवेश पत्र पनि Online मार्फत प्राप्त हुने हुँदा आफ्नो **Registration No.** र **Password** सुरक्षित राख्नु पर्नेछ ।

३. **दरखास्त दस्तुर** : अधिकृत द्वितीय श्रेणीको पदमा रु.१,५००।- अधिकृत तृतीय श्रेणीको पदमा रु.१,०००।- सहायक प्रथम श्रेणीको पदमा रु.८००।- सहायक द्वितीय श्रेणीको पदमा रु.६००।- मात्र दरखास्त दस्तुर वापत जम्मा गर्नु पर्नेछ । समावेशी तर्फ तोकिएको दस्तुरको ५०% थप गरी रकम जम्मा गर्नु पर्नेछ । खुला तर्फ दरखास्त नदिई समावेशी तर्फको कुनै एक पदको समावेशीमा मात्र दरखास्त दिएमा खुला तर्फको दस्तुर नै बुझाउनु पर्नेछ । समावेशीको एकभन्दा बढि समुहमा दरखास्त दिएमा प्रत्येक समावेशी समुहको लागि खुला तर्फ तोकिएको दस्तुरमा पचास प्रतिशत थप गरी दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

४. दरखास्त फाराम Submit गरेपछि View all vacancies मा Click गरी आफूले आवेदन गरेको बिज्ञापनको Payment Application मा गई eSewa वा Fonepay मार्फत तोकिए बमोजिमको दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

५. परीक्षाको किसिम : लिखित तथा प्रयोगात्मक (प्रयोगात्मक हुनेमा मात्र) परीक्षा र अन्तर्वार्ता ।

६. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने ।

७. परीक्षा केन्द्र : काठमाडौं उपत्यका भित्र (पछि सूचना प्रकाशित गरिनेछ) ।

८. सम्पर्क मिति : २०७६।८।१३ गते तोकिएको छ ।

९. काम गर्नुपर्ने स्थान : गुठी संस्थान प्रधान कार्यालय र अन्तर्गत शाखा कार्यालयहरु ।

१०. तलब सुविधा : संस्थानको प्रचलित विनियम अनुसार ।

११. परीक्षणकाल : महिला कर्मचारीहरुको हकमा ६ महिना र अन्यको हकमा १ वर्ष ।

१२. विदेश स्थित शिक्षण संस्थाबाट प्राप्त शैक्षिक योग्यताका प्रमाणपत्र पेश गर्ने उम्मेदवारले नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र संलग्न गर्नु पर्नेछ ।

१३. उम्मेदवारको उमेर : दरखास्त दिने अन्तिम मिति सम्ममा सहायकस्तर पदको लागि १८ वर्ष तथा अधिकृत स्तरको पदको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र उप-प्रशासक अधिकृत द्वितीय श्रेणीको पदमा तथा महिला र प्राविधिकको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

१४. सबै पदहरुको **लिखित परीक्षा लोक सेवा आयोगबाट** सञ्चालन हुनेछ ।

१५. उपप्रशासक अधिकृत द्वितीय श्रेणीको पदमा उम्मेदवार हुन निम्न अनुसारको कार्य अनुभव हुनु पर्नेछ-

- देहाय बमोजिमको निकायमा रहि सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्ति पत्र वा करारनामामा सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो कार्यानुभवलाई मान्यता दिइनेछ- (क) निजामती तथा अन्य सरकारी निकाय, (ख) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था, (ग) विकास समिति ऐन,२०१३ बमोजिम गठित विकास समिति, (घ) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय, (ङ) संयुक्त राष्ट्र संघ, यसका अङ्ग तथा विशिष्टिकृत निकाय ( च) अन्तर सरकारी क्षेत्रिय तथा अन्तर्राष्ट्रिय संगठनहरु, (छ) विश्वविद्यालयका आङ्गिक क्याम्पस र (ज) सामुदायिक बिद्यालय
- माथी उल्लेख भए बाहेकको अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्ति पत्र वा करारनामामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरको भर्नाको प्रक्रिया योग्यता, संगठन संरचना लगायत कर्मचारीका सेवाका शर्त समेतका विषय समावेश गरिएका नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेश गर्नुपर्ने र त्यस्तो नियम विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था वमोजिम अधिकृत स्तरमा भर्ना भएको एकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।
- कुनै एक सरकारी वा सार्वजनिक संस्थामा कार्यरत रहेकै अवधि भित्र अन्य संस्थामा कार्य गरेको अनुभवलाई मान्यता दिइने छैन ।
- एउटै अवधिमा दुइ वा सो भन्दा बढि निकायमा काम गरेको भएमा पूरा समय काम गरेका कुनै एकको मात्र अनुभव गणना गरिनेछ ।
- प्रति हप्ता चालिस घण्टा भन्दा कम समय काम गरेको अनुभवलाई मान्यता दिइने छैन ।
- नियुक्ति पत्र वा करारनामामै आंशिक रुपमा (पार्ट टाइम) काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।
- सहायक स्तरमा पदाधिकार रहि अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अवधिलाई अधिकृत स्तरको अनुभव मानिने छैन ।

१६. समावेशी तर्फका उम्मेदवारले पेश गर्नुपर्ने थप कागजातहरु :

(क) आदिवासी जनजातिको हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएका जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

(ख) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणिकरण गरेको आधारमा, तर उपरोक्तानुसार सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरिएको कागजात पेश गर्नु पर्नेछ ।

१७. परीक्षाको पाठ्यक्रम गुठी संस्थान प्रधान कार्यालयको website: **www.guthisansthan.org.np** बाट download गरी प्राप्त गर्न सकिनेछ ।

१८. **परीक्षा शुल्क बुझाउने प्रक्रिया:** Online आवेदन गरे पछि प्राप्त हुने निर्देशन बमोजिम **eSewa वा Fonepay** मार्फत दरखास्त शुल्क भुक्तानी गर्नु पर्नेछ ।

१९. एकभन्दा बढी विज्ञापनमा online दरखास्त फाराम भर्दा प्रत्येक विज्ञापनको लागि अलग अलग नै दरखास्त शुल्क भुक्तानी गर्नु पर्नेछ ।

२०. दरखास्त फाराम भर्न गुठी संस्थानको Website : **www.guthisansthan.org.np** को Carrier मा Apply online बटनमा click गरी वा सोझैं **https:// jobs.guthisansthan.org.np** मा राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

२१. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार गुठी संस्थानलाई हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराइनेछ ।

२२. दरखास्त सम्बन्धी कुनै जानकारी लिनु परेमा गुठी संस्थान प्रधान कार्यालयको आन्तरिक व्यवस्था तथा अनुगमन शाखामा तथा फोन नं. ९७७-१-४२५७०२९ तथा मोबाइल नं.९८४१३७२९१६ वा ९८५१०८२०५७ मा सम्पर्क राख्न सकिनेछ ।

**अध्यक्ष,** पदपूर्ति समिति